- बीउलाई सिउडोमोनस फ्लोरेसेन्स १० ग्राम प्रति केजी वा ट्राईकोडर्मा भिरीडी ४ ग्राम वा कार्बेन्डाजिम २-३ ग्राम प्रति केजीको दरले उपचार गरी ब्याड राख्ने।
- ट्राइसाइकाजोल ७५% डब्लु पी ०.७५ ग्राम वा सुगामाइसिन ३% एस एल १.५ मि.लि. वा हेक्जा कोनाजोल ५% इ सी २ ग्राम प्रति लिटर वा क्रेसोक्जिम मिथाइल ४४.३ एस सी १ मि.लि. प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा २-३ पटक छर्ने।

## पाते फेद डढुवा/सिथ ब्लाइट रोग (Sheath Blight)



**पाते फेद डढुवा रोग** ***Rhizoctonia solani*** भन्ने जीवाणुबाट लाग्ने गर्छ। पातहरूमा भिजेको जस्तो गोलो खैरो धब्बाहरू देखिनु यो रोगको प्रमुख लक्षण हो। धब्बाहरू बढ्दै जाँदा बिरूवाको पुरै बोट खैरो देखिनुका साथै ढुसीको कालो गिर्खाहरू देखा पर्दछ।बेर्नाहरू बाक्लो रोप्ने र धेरै नाईट्रोजन मलखादको प्रयोग गर्नु यो रोग लाग्नुको प्रमुख कारण हो।

### पाते फेद डढुवा रोगको व्यवस्थापन

- उन्नत जातहरू रोप्दा एउटा बोट देखि अर्को बोटको दुरी बढाउने।
- सिफारिस अनुसार नाईट्रोजन मल तथा प्राङ्गारिक मलहरू जस्तै निम केक प्रयोग गर्ने।
- गर्मी मौसममा खेतलाई गहिरो गरी जोतेर छोड्दिने र धान बालीमा भएका पुराना अवशेष भेला गरी नष्ट गर्ने।
- माटोमा सिउडोमोनस फ्लोरेसेन्स २।५ के।जि प्रति हेक्टरको दरले ५० केजि गोठमलसँग मिसाएर धान रोपेको ३० दिनमा प्रयोग गर्ने।
- धानमा दाना लाग्ने बेला सिउडोमोनस फ्लोरेसेन्स ०.२% को दरले पातमा छर्किने।
- भेलिडामाइसिन ३% एल ३ ग्राम वा पेनसाइक्यूरोन २२.९% एससी १.५ मि.लि. वा कार्बेन्डाजिम ५०% डब्लु पी १.५ ग्राम प्रति लिटर पानीको दरले मिसाई १०-१२ दिनको फरकमा २ पटक छर्ने वा प्रोपिकोनाजोल २५% इसी १ मि.लि. प्रति ४ लिटर पानीमा मिसाई १०-१२ दिनको फरकमा २ पटक छर्ने।

## खैरो थोप्ले/ब्राउन लिफ स्पट रोग (Brown Leaf Spot)



**खैरो थोप्ले रोग** ***Bipolaris oryzae*** भन्ने जीवाणुबाट लाग्ने गर्छ। यो रोग बेर्ना नर्सरी देखि दाना लाग्ने समयसम्म लाग्छ। पात तथा डाँठहरूमा स-साना गोलाकार वा लाम्चिला खैरो थोप्लाहरू देखिन्छन् र संक्रमण बढ्दै गर्दा पातहरू खैरो भई सुकेर जान्छन्। माटोमा पोटासियमको कमिले गर्दा यो रोग लाग्न सक्छ।

### खैरो थोप्ले रोगको व्यवस्थापन

- खेतलाई सफा राख्ने साथै वैकल्पिक आश्रय स्थललाई नष्ट गर्ने।
- स्वस्थ र प्रमाणित बीउ प्रयोग गर्ने।
- उचित मलखादको प्रयोग गर्ने।
- बीउलाई कार्बेन्डाजिम ५०% डब्लु पी २-३ ग्राम वा सिउडोमोनस फ्लोरेसेन्स १० ग्राम प्रति केजीको दरले उपचार गर्ने वा बीउ रोप्नु अघि बीउलाई मनतातो पानीमा १०-१२ मिनेटसम्म डुबाई उपचार गरी ब्याड राख्ने।
- मेन्कोजेब ७५% डब्लु पी विषादी ३ ग्राम प्रति लिटर वा प्रोपिनेब ७०% डब्लु पी ३ ग्राम प्रति लिटर पानीको दरले मिसाई १५ दिनको फरकमा ३ पटक छर्कने।

## फेद कुहिने रोग (Foot Rot)




**फेद कुहिने रोग** ***Fusarium moniliforme*** भन्ने जीवाणुबाट लाग्ने गर्छ । यो रोगको लक्षण नर्सरी देखि गाँज आउने बेलासम्म देखिन्छ। संक्रमित बिरूवा सुरुमा सामान्य भन्दा अलि अग्लो हुन्छ। रोगी बोटहरू सुरूको अवस्थामा पहेँलिने र अन्त्यमा कुहिएर मर्ने गर्छन् । पहिले एउटा वा दुईवटा सरा मर्छन् र पछि पुरै गाँज नै मर्छ। रोगी बेर्ना र बोट स्वस्थ बिरूवा भन्दा अग्ला, हल्का पहेँलो र गाँज कम लागेको हुन्छन्।

### फेद कुहिने रोगको व्यवस्थापन

- यो रोग बढी देखिने जात खुमल ४ प्रयोग नगर्ने।
- रोग मुक्त बीउको प्रयोग गर्ने।
- कार्बेन्डाजिम ५०% डब्लु पी २ ग्राम प्रति किलो बीउका दरले उपचार गरी ब्याड राख्ने।
- यदि ब्याडमा यो रोग देखिएमा बेर्नालाई रोप्नुभन्दा अगाडि माथि उल्लेखित विषादी २ ग्राम प्रति लिटर पानीमा घोल बनाई १०-१५ मिनेटसम्म जराको भागलाई डुबाई रोप्ने।
- खेतमा यो रोग देखा परेमा रोगी बिरूवा उखालेर फाल्ने र नष्ट गर्ने।
- कार्बेन्डाजिम २ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने।
- बाला लाग्ने अवस्थामा कार्बेन्डाजिम र म्यान्कोजेब १:१ अनुपातमा २ ग्राम प्रति लिटर पानीमा मिलाई छर्ने।

## खैरा रोग (Khaira Disease)



सुक्ष्म खाद्यतत्व जिङ्कको कमिले गर्दा धानमा खैरा रोग देखा पर्दछ। यो रोगको लक्षणस्वरुप धान रोपेको १२-१५ दिनपछि तल्लो पातको मसिना नशाबीच पहेंलोपन देखिन्छ। साथसाथै पातमा खैरो रंगका मसिना थोप्लाहरु आउँछन् । बिस्तारै-बिस्तारै यी थोप्लाहरु एक आपसमा जोडिएर ठुला हुँदै जान्छन् र पुरै पात खैरो या बदामी रंगको हुन जान्छ। यस्ता रोगी बिरुवाको वृद्धि कम भई बोट होचो हुने, गाँज कम लाग्ने र बोट पुरै मर्न पनि सक्छ।

### खैरा रोगको व्यवस्थापन

- नाइट्रोजन र फोस्फोरस मल सिफारिस मात्रा भन्दा बढी प्रयोग नगर्ने।
- खेतमा निकासको राम्रो प्रबन्ध मिलाउने।
- खेतलाई तयार गर्दा २५-३० केजी प्रति हेक्टरको दरले जिंक सल्फेट प्रयोग गर्ने।
- जिंक सल्फेट र चुनलाई १:२ अनुपातमा १०० लिटर पानीमा मिसाई धान रोपेको १५ दिनको अन्तरालमा छर्ने।

**प्रकाशक**

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र, बाँके**

**फोन नं:** ०८१-५३००२७/५३०२२५
**Email :** akcbanke@gmail.com
**Website:** akcbanke.gov.np
आ.व. २०८०/८१



# धानमा लाग्ने मुख्य रोगहरु र तिनको व्यवस्थापन

## मरूवा रोग (Blast)



**मरूवा रोग** ***Pyricularia oryzae*** भन्ने जीवाणुबाट लाग्ने गर्छ। यो रोगले धानको सबै भागमा र बिरूवाको विकासका चरणहरूलाई संक्रमित गर्छ। पातमा स-साना सेता टीका बीचमा भएका लाम्चिला खैरा थोप्ला देखा पर्दछन् । बाला मुन्तिरको डाँठको वरिपरी वा आँख्लामा खैरो रङ्ग भएको दाग पनि देखिन्छन्। यसले धानको बाला संख्या घटाउनुको साथै धानको दानाको वजन र गुणस्तर कम गराउँछ।

### मरूवा रोगको व्यवस्थापन

- रोग निरोधक जातहरू परवानीपुर १, लक्ष्मी, दुर्गा, जानकी, चैते २, खजुरा २, रामपुर मसुली, राधा ४, ७, ११, हर्दिनाथ १, शाम्बा मन्सुली सब १, स्वर्णा सब १, सुख्खा १/२/३/४/५/६ आदि लगाउने।
- ढिलो रोप्दा यो रोगको बढी संक्रमण देखिने भएकाले बेर्नाहरू समयमै रोप्ने।
- सिफारिस अनुसार नाईट्रोजन मल प्रयोग गर्ने र खेतमा पानी जमाई राख्ने।